आज मिति २०८१ साल मंसिर ०२ गते आइतबारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको सातौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन वहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कृष्णप्रसाद गैहे | सदस्य | का, बा, वडा अध्यक्ष ५ |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | श्री टेकावती ढकाल | | अधिकृत आठौं |
| | श्री ऋषिभक्त वाग्ले | | वरिष्ठ प्रशासकीय अधिकृत |

Scanned with CamScanner

आर्थिक वर्ष २०८०/०८१ को सातौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०८/०२)

१. प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
२. डेरी सहितको साइलेज उद्योग संचालन कार्यक्रम सम्बन्धी कार्यविधी, २०८१ सम्बन्धमा ।
३. भिमाद नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।
४. निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङकलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।
५. वाटो सरसफाई सम्बन्धमा ।
६. खर्चको मापदण्ड २०७६ लाई पुनर्लेखन गर्ने सम्बन्धमा ।
७. विविध ।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा प्रस्तावक भिमाद नगरपालिका वडा नं. ५ निवासी निर्मला शर्माको अख्तियारीले ऐ. ऐ. वस्ने राजेन्द्रप्रसाद गैरे भएको निजि जमिनमा रहेको ग्रेगान मेसनरी उपकारणद्धारा पन्छाउने प्रयोजनको लागि तयार भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी पाउँ भनि निवेदन पेस भएको देखिदा उक्त प्रतिवेदन स्वीकृत गरी निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङकलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम जग्गा धनीको नाउँमा रहेको भिमाद नगरपालिका वडा नं. ५ मा अवस्थित कित्ता नं. ८१९ क्षेत्रफल ५-६-०-३ जग्गामा IEE प्रतिवेदनमा उल्लेखित परिमाण १३३८.७५ घनमिटर ग्रेगान प्रचलित कानूनले तोकेको राजश्व दाखिला गर्न लगाई मेशनरी उपकरणवाट उत्खनन् गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. १ उपर छलफल गर्दा प्रस्तावक भिमाद नगरपालिका वडा नं. ७ निवासी लक्ष्मीकान्त भण्डारीको अख्तियारीले ऐ. ऐ. वस्ने राजन भण्डारी भएको निजि जमिन कृषि तथा आवासिय प्रयोजनको लागि मेसेनरी उपकरणद्धारा व्यवस्थापन गर्ने प्रयोजनको लागि तयार भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी पाउँ भनि निवेदन पेस भएको देखिदा उक्त प्रतिवेदन परिमार्जन सहित स्वीकृत गरी निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङकलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९बमोजिम जग्गा धनीको नाउँमा रहेको भिमाद नगरपालिका वडा नं. ७ मा अवस्थित कित्ता नं. ९७ क्षेत्रफल १-९-०-० जग्गामा IEE प्रतिवेदनमा उल्लेखित परिमाणको ढुङ्गा गिट्टी वालूवा प्रचलित कानूनले तोकेको राजश्व दाखिला गर्न लगाई मेशनरी उपकरणवाट उत्खनन् गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो

प्रमाणित

निर्णय नं. ३

प्रस्ताव नं.१ उपर छलफल गर्दा भिमाद नगरपालिका सेती नदी बहाव क्षेत्रहरुवाट नदिजन्य पद्धार्थहरु ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा संकलनको लागि देहायका घाटहरुको सम्बन्धमा तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परिमार्जन सहित स्वीकृत गरी भिमाद नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम आय ठेक्का बन्दोवस्त गर्न बोलपत्र आहान गर्ने निर्णय गरियो ।

देहाय

१. दब्याङ घाट, भिमाद-५ सेती नदि
२. झक्रास घाट, भिमाद-५ सेती नदि
३. बाँदरकुना घाट, भिमाद-५ सेती नदि
४. गेरुवा घाट, भिमाद-५ सेती नदि

निर्णय नं.४

प्रस्ताव नं.२ उपर छलफल गर्दा भिमाद नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिसदको कार्यालय गण्डकी प्रदेशको लागत साझेदारीमा सञ्चलान हुने मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थापना गरी सञ्चालन गरिने डेरी सहितको साइलेज उद्योग सञ्चालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्न प्रस्ताव पेश भएको हुदाँ उक्त कार्यविधि परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.३ माथि छलफल गर्दा भिमाद नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्ने प्रस्ताव पेश भएको हुदाँ उक्त कार्यविधिलाई संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि उत्खनन सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई समसामयिक संशोधन गर्न भनि प्रस्ताव पेस भएको हुँदा निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि उत्खनन सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ परिमार्जन सहित संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं.५ उपर छलफल गर्दा भिमाद नगरपालिकाको वडाहरुको वाटाहरु पछिल्लो वर्षातका कारण यातायात अवरुद्ध भई कृषि उपज ओसार पसार गर्न कठिनाई भएकाले अवरुद्ध सडकहरु सूचारु गर्नका लागि नगर विकास योजनाको सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी दिन बाँकी योजनाहरु समेतवाट तपसिल वमोजिमका वडाहरुलाई देहाय वमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | १ | २,११,३८८/- | |
| २ | २ | १,७९,३९४/- | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | ४ | १,७१,५४२/- | |
| ४ | ५ | १,९३,२९८/- | |
| ५ | ७ | १,४०,३१५/- | |
| ६ | ८ | १,७२,४००/- | |
| ७ | ९ | १,४५,५०६/- | |
| | जम्मा | १२,१३,८४३/- | |

निर्णय नं . ८

प्रस्तावना नं ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको खर्चको मापदण्ड २०७६ लाई समसामयिक बनाउन आवश्यक भएकोले उक्त मापदण्डलाई पुनर्लेखन गर्न प्रस्ताव पेश भएकोले पेश हुन आएको खर्चको मापदण्ड, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ७ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता नं ३१५४ दर्ता भई समाज कल्याण परिषद मा आवद्ध भएको बहिनी एडुकेयर फाउण्डेशनले परियोजना (कार्यालय) सुचिकृत गराई पाउँ भनि प्रस्ताव आएकोमा परियोजना सञ्चालनको लागी छुट्टै समझदारी पत्र (MOU) गर्ने गरी हाललाई परियोजना (कार्यालय) सुचिकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका र राजेन्द्र/विवस/ज्यावडन्वा जे.भि. काठमाडौं विच Construction of 15 bed hospital at bhimad municipality 5/WBC/WORKS/BM/077/078 को काम ठेक्का सम्झौताको सर्तनामातथा Works schedule वमोजिम नभएको र कार्यालयवाट पटक पटक ताकेता गरि विभिन्न जमानतहरुको नविकरण तथा इन्सोरेन्सको नविकरण गरी कामलाई तिव्रता दिन पटक पटक पत्राचार गर्दा समेत आवश्यक कागजात तथा Field mobilization को कार्य सुचारु हुन नसकेको देखिएकोले उक्त ठेक्का सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र सम्झौता वमोजिम प्रक्रिया अगाडी वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.११

प्रस्ताव नं.७ उपर छलफल गर्दा नगर कार्यपालिकाको मिति २०८१/०७/०८ गतेको पाचौं नगरकार्यपालिकाको वैठकवाट लागत सहभागितामा संचालन हुने गरी स्वीकृत योजनाहरु मध्ये वडा नं. ६ को वसपार्क तल्लो लाइन छाडपाटन जाने वाटो निर्माण योजनाका लागि ३० प्रतिशत उपभोक्ताको लागत सहभागिता हुने गरी नगरपालिकाको स्वीकृत नगर विकास योजनाको सि.नं. १५३ लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना शीर्षकवाट रु. ५,००,०००.० विनियोजन भएकोमा विनियोजन रकमवाट सो वाटो निर्माण पूरा नहुने भएकोले स्वीकृत प्राविधिक लागत अनुमान अनुसार सो वाटो निर्माणको लागि रु. १,१८,०००.० सोही शीर्षकवाट थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १२

प्रस्ताव नं.७ उपर छलफल गर्दा Women to women foundation द्वारा मिति २०८१/०१/१६ देखि मिति २०८१/०१/२१ गते सम्म भिमाद नगरापालिका अन्तरगतका विभिन्न वडामा संचालन गरेको Pelvic organ prolapse को स्वास्थ्य शिविरमा सहभागि भएका मध्ये थप उपचारको लागि शिर मेमोरियल अस्पताल बनेपा काभ्रेमा प्रेषण गरेको हुँदा प्रेषण भएका विरामीहरुलाई जनही रु.१०००/-अक्षरुपी एक हजार रुपैया यातायात खर्च भिमाद नगरपालिका बजेट उप-शिर्षक स्वास्थ्य तर्फको सि.नं.४ मा रहेको गर्भवती/ सुत्केरी सँग उप मेयर कार्यक्रम (गर्भवती/सुत्केरी महिलाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा संचालन) वाट उपलब्ध गरी आगामी नगर सभामा अनुमोदन गर्ने  निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भिमाद नगरपालिकाको स्वास्थ्य विमा कार्यक्रम सञ्चलान कार्यविधि २०८० समसामयिक संशोधन गर्न भनि प्रस्ताव पेश भएको हुदाँ भिमाद नगरपालिकाको स्वास्थ्य विमा कार्यक्रम सञ्चलान कार्यविधि २०८१ संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं.७ उपर छलफल गर्दा यस नगरपालिका स्थापना हुनुपूर्व निर्माण भएका RCC पक्की घरहरु हालसम्म पनि कायम हुन बांकी रहेकाले घर कायम गर्न निवेदन दिने व्यक्तिहरुवाट आर्थिक ऐन २०८१ दफा १६ र सोहि ऐनको अनुसूची १५ मा उल्लेखित राजश्व दाखिला गर्न लगाई वि.स. २०८२ असार मसान्तसम्मको समय सिमा निर्धारण गरी घर कायम (अभिलेखीकरण) गरिदिने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं.७ उपर छलफल गर्दा भिमाद नगरपालिकाको आ.व.२०८१/८२ मा स्वीकृत वार्षिक नगर विकास योजनाको वडागत योजना वडा नं.१ को सि.नं.४ मा ज्ञान आ.वि. खेल तथा शैक्षिक सामग्री खरिद योजनाको लागि रु.१ लाख बजेट विनियोजन भएकोमा उक्त योजनाको नाम ज्ञानज्योति आ.वि. खेल तथा शैक्षिक सामग्री खरिद योजना हुन पर्नेमा सो नभई फरक परेकाले ज्ञानज्योति आ.वि. खेल तथा शैक्षिक सामग्री खरिद योजना कायम गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं.७ उपर छलफल गर्दा जनज्योति मा. वि. को च. नं. ३९ मिति २०८१/०६/१८ को पत्र तथा मिति २०८१/०५/२८ को विद्यालय व्यवस्थापन समितिको निर्णयसहित पेश भएको नमुना विद्यालयको स्वीकृत गुरुयोजना (२०७८/०७९ - २०८२/०८३) को वार्षिक कार्यक्रम कार्यान्वयन योजना (२०८१/०८२) का सम्बन्धमा पेश भएको टिप्पणी अनुसार कार्यपालिकाबाट वार्षिक कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गरी विद्यालयले पेश गरेको भौतिक तथा शैक्षिक कार्यक्रम बजेटको परिधिभित्र रही कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner